(२)

# स्तनपान कक्ष स्थापना तथा सञ्चालन कार्यविधि २०८०



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा
२०८०

शाखा प्रमुख

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या ...

# स्तनपान कक्ष स्थापना तथा सञ्चालन कार्यविधि २०८०

**प्रस्तावनाः** स्तनपान बालबालिकाका लागि अमृत समान र बाल अधिकारको आधारभुत पक्ष भएतापनि नेपालमा स्तनपानको दर घट्दो क्रममा रहेको र स्तनपान गराईरहेका आमाहरुले सार्वजनिक स्थल, स्वास्थ्य संस्था, कार्यस्थलहरु र आपतकालीन अवस्थामा सहज तरिकाले स्तनपान गराउन नपाईरहेको परिप्रेक्ष्यमा स्तनपानको प्रवर्द्धन, संरक्षण र सहयोग गरी बालबालिकाको सर्वाङ्गिण विकासमा योगदान गर्ने स्तनपान कक्ष स्थापना तथा सञ्चालन गर्न वाञ्छनिय भएकाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## (संक्षिप्त नाम, प्रारम्भ र परिभाषा)

१. **नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "स्तनपान कक्ष स्थापना तथा सञ्चालन कार्यविधि २०८०" रहनेछ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "शिशु" भन्नाले जन्मेदेखि एक वर्ष मुनिका बालबालिकालाई जनाउँदछ।

ख) "वालवालिका" भन्नाले दुई वर्ष मुनिका बालबालिकालाई जनाउँदछ।

ग) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून वमोजिम स्थापित गैरसरकारी वा निजि वा सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँदछ।

घ) "सार्वजनिक स्थल" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, पाटी-पौवा, उद्यान-बगैंचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्छ र सो शव्दले सार्वजनिक रुपमा वस्तु वा सेवा विक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ।

ङ) "कार्यस्थल" भन्नाले देहायका निकाय, संस्था वा फर्म सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकाय, संस्था वा फर्मको कार्यसम्पादनको क्रममा प्रयोग हुने स्थल समेतलाई जनाउँछः

अ) सरकारी निकाय,

आ) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था,

इ) प्रचलित कानून बमोजिम स्थापना भएको निकाय वा संगठित संस्था,

ई) कुनै व्यवसाय, कारोबार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून वमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्था।

च) "पूर्ण स्तनपान" भन्नाले शिशु जन्मेदेखि ६ महिनासम्म (१८० दिन सम्म) आमाको दूध मात्र खुवाउने, पानी वा अन्य कुनैपनि खाने वा पिउनेकुरा नखुवाउने (चिकित्सकले प्रिस्क्रिप्शन अनुसार कुनै औषधि वा सूक्ष्म पोषकतत्त्वहरु दिएको बाहेक) अवस्थालाई जनाउँदछ।

छ) "आपतकालीन अवस्था" भन्नाले जन वा धनको क्षति हुन नदिन वा कम गर्नका लागि तत्कालै उद्धार गर्नुपर्ने प्राकृतिक वा गैरप्राकृतिक प्रकोपको अवस्था सम्झनु पर्दछ।

शाखा प्रमुख

ज) "औपचारिक श्रम क्षेत्र" भन्नाले श्रमिकलाई काममा लगाएर मुनाफा आर्जन गर्ने वा नगर्ने उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्य प्रचलित कानून बमोजिम स्थापना भइ दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, निजि फर्म, साझेदारी फर्म, संघ-संस्था, सहकारी संस्था वा श्रमिक आपूर्तिकर्ता वा अन्य दर्तावाला संस्थालाई सम्झनु पर्दछ।

झ) "अनौपचारिक श्रम क्षेत्र" भन्नाले औपचारिक श्रम क्षेत्रले नसमेटिने सबै प्रकारका संस्थालाई सम्झनु पर्दछ।

ञ) "अपाङ्गता भएका आमा" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता वा कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) र विद्यमान अवरोधको कारणले अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएको आमा सम्झनु पर्दछ।

ट) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ।

ठ) "सहयोगी संस्था" भन्नाले पोषण कार्यक्रम तथा स्तनपान प्रवर्द्धनका लागि नेपाल सरकारलाई आर्थिक तथा प्राविधिक रुपमा सहयोग पुर्याइरहेका अन्तर्राष्ट्रिय दातृ निकाय, बहुपक्षिय वा द्विपक्षीय निकायहरु, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरु, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु तथा राष्ट्रिय गैह्र सरकारी तथा गैह्र नाफामूलक संस्थाहरु तथा निजी क्षेत्र समेतलाई जनाउँदछ।

## परिच्छेद २
## (नेपालमा स्तनपानको अवस्था)

### ३. नेपालमा स्तनपानको अवस्था

नेपालमा स्तनपान सम्बन्धी सूचकहरुको अवस्था सन्तोषजनक छैन। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार १० मध्ये ६ जना (५५%) २ वर्ष मुनिका बालबालिकाले मात्र जन्मिएको १ घण्टा भित्र स्तनपान गर्न पाउँदछन्। १ घन्टाभित्र स्तनपान गर्ने बालबालिकाको प्रतिशत ग्रामीण क्षेत्रमा (६३%) भन्दा शहरी क्षेत्रमा (५१%) कम देखिन्छ। ६ महिनासम्म आमाको दूध मात्र खुवाउने (पूर्ण स्तनपान) जम्मा ५६% मात्र रहेका छन् जुन सन् २०११ (७०%) र २०१६ (६६%) को तथ्यांकभन्दा निकै कम हो। शिशु जन्मेदेखि २ वर्षसम्म स्तनपानलाई निरन्तरता दिनेको अनुपात ९४% देखिन्छ। यद्यपि, २२% २ वर्ष मुनिका बालबालिकाले शिशि/बोतलबाट दूध पिउँदछन्। बोतलबात दूध पिउने बालबालिकाको अनुपात शहरी क्षेत्रहरूमा (२६%) ग्रामीण क्षेत्र (१५%) भन्दा बढी छ।

सोहि सर्वेक्षण अनुसार, २ वर्ष मुनिका बालबालिकामा हुने पुड्कोपन (उमेर अनुसारको लम्वाइ वा उचाइ नहुनु) २२%, १६% मा कम तौल (उमेर अनुसारको तौल नहुनु) र ९% मा ख्याउटेपन (उचाइ वा लम्वाइ अनुसारको तौल नहुनु) भएको देखिन्छ। यसैगरी, १० मध्ये ७ जना (६६%) ६ देखि २३ महिना सम्मका बालबालिकामा रक्तअल्पता (रगतको कमी) को समस्या छ। यी सबै प्रकारको कुपोषण न्यूनीकरणमा स्तनपानको महत्त्वपूर्ण भूमिका छ।

### ४. स्तनपानको महत्त्व

स्तनपान बालबालिकाका लागि मात्र महत्त्वपूर्ण नभई आमा, परिवार, समुदाय र राष्ट्र कै निम्ति पनि महत्त्वपूर्ण छ।

शाखा प्रमुख

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

निर्देशक

क) बालबालिकाका लागि स्तनपान (आमाको दूध) को महत्त्वः

अ) शिशु जन्मे पश्चात् आमाको स्तनबाट आउने पहिलो पहेंलो, बाक्लो बिगौती दूधमा विभिन्न रोगहरुसँग लड्ने प्रतिरोधात्मक तत्त्वहरु हुने भएकोले यसले रोगहरुबाट बचाउनुका साथै सो दूधमा पाइने प्रोटिन, भिटामिन "ए" र अन्य सूक्ष्म पोषकतत्त्वहरुले उनीहरुको वृद्धि-विकासमा मद्दत गर्दछ। त्यस्तै बिगौति दूधले शिशुको शरीरबाट बिलिरुबीन नामक तत्त्वलाई निष्काशन गर्न मद्दत गर्दछ जसले गर्दा कमलपित्त (जण्डिस) हुन दिंदैन।

आ) आमाको दूध शिशुको लागि अमृत समान हो जसले बालबालिकाको जीवन रक्षा गर्दछ।

इ) यसमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी (८७%) र खनिजतत्त्वहरु हुन्छ र ६ महिना पूरा नभएसम्म आवश्यक पर्ने सम्पूर्ण पोषकतत्त्वहरु प्रर्याप्त मात्रामा हुन्छ।

ई) यसमा झाडापखाला तथा श्वास प्रश्वास सम्बन्धी संक्रमणहरु विरुद्ध लड्ने प्रतिरोधात्मक तत्त्वहरु रहेको हुन्छ । दूधमा रहेको प्रतिरोधात्मक तत्वले बालबालिकाको आन्द्राको रक्षा गर्छ र हानिकारक तत्वहरुलाई रगतसम्म पुग्न दिदैन। यसले एलर्जी विरुद्ध पनि रक्षा गर्दछ।

उ) यो सधैं सफा र सुरक्षित हुनुका साथै संधै तयारी अवस्थामा र उपयुक्त तापक्रममा उपलव्ध हुन्छ।

ऊ) यसले गिजा र दाँतको विकास गर्न सहयोग गर्नुका साथै दूध चुसाइले अनुहारको मांशपेशिकाको विकास गर्न सहयोग गर्दछ।

ऋ) आमासँग पटक-पटक टाँसेर राख्रे गरेमा स्नेहपूर्ण सम्बन्ध बन्दछ जसले बालवालिकाको मानसिक, शारीरिक तथा सामाजिक विकास गर्न पनि सहयोग गर्दछ। स्तनपानले ६ महिना पछि पनि वालवालिकाको पोषणको धेरै आवश्यकता पूरा गर्दछ।

ख) आमाको लागि स्तनपानको महत्त्वः

अ) शिशु जन्मने वित्तिकै आमाको दूध चुसायो भने सालनाल छिटै बाहिर निस्कन्छ किनभने शिशुले दूध चुस्दा पैदा हुने उत्तेजनाले पाठेघर खुम्चन्छ र शिशु जन्माएपछि बढि रगत बग्ने खतरालाई घटाउँदछ।

आ) शिशु जन्मने वित्तिकै उसलाई आमाको दूध चुसाएमा स्तनबाट धेरै दूध आउन सहयोग गर्दछ। तुरुन्तै र पटक पटक दूध चुसाउनाले स्तन गानिनबाट रोकथाम हुन्छ।

इ) आमाको कामको भारलाई घटाउँदछ। पानी उमाल्न इन्धन जुटाउने, दूध बनाउने आदि काम गर्नु पर्दैन। आमाको दूध जुनसुकै वेला र जहाँ पनि खुवाउन सकिन्छ। यो सधैं सफा, पोषिलो र ठीक तापक्रमको हुन्छ। यो कम खर्चिलो हुन्छ।

ई) आमा र वालवालिका बीचको माया ममता वढ्छ। बालबालिकाले आफुलाई सुरक्षित महसुश गर्दछन्।

उ) महिलालाई हुने स्तन र पाठेघर सम्बन्धी क्यान्सरको खतरालाई घटाउँदछ।

ऊ) महिनावारी नफर्किएको अवस्था तथा शिशु जन्मेको पहिलो ६ महिनासम्म प्रभावकारी पूर्ण स्तनपान गराएमा (९८%) गर्भ निरोधकको रुपमा काम गर्दछ।

ग) परिवारका लागि स्तनपानको महत्त्वः

अ) अन्य दूध किन्ने पैसाको बचत हुन्छ। दाउरा, अरु इन्धन खर्च हुँदैन। यो बचेको पैसाले परिवारमा जरुरी परेका अन्य कुराहरु किन्न सकिन्छ।

आ) अन्य दूध खुवाउँदा वालबालिका बिरामी भएर लाग्ने औषधि खर्च हुँदैन। आमा र बालबालिका दुबै स्वस्थ रहन्छन्।

शाखा प्रमुख

इ) समयको बचत हुन्छ किनभने आमाको दूध सँधै तयारी र भनेको समयमा पाइन्छ।

**घ) समुदाय वा राष्ट्रका लागि स्तनपानको महत्त्वः**

अ) अन्य कृत्रिम दूध आयात गर्नु पर्दैन जसबाट राष्ट्रिय आम्दानी वचत हुन्छ र यसलाई अरु कुनै काममा खर्च गर्न सकिन्छ।

आ) स्वस्थ बालबालिका पछि स्वस्थ नागरिक बन्छन् र देशको विकासमा सहयोग पुर्याउदछन्।

अ) बाल रोगहरुमा आउने कमीले यसको उपचारमा हुने राष्ट्रिय खर्च घटाउँदछ जसले गर्दा वाल मृत्युदर पनि घट्दछ।

**५. स्तनपानको संरक्षण, सम्वर्द्धन तथा सहयोगका लागि भइरहेका कार्यहरु**

नेपाल सरकारले स्तनपानको संरक्षण, सम्वर्द्धन तथा सहयोगका लागि ऐन-कानून निर्माण देखि विभिन्न क्रियाकलाप/कार्यक्रमहरु गर्दै आएको छः

क) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१ का प्रावधानहरुको कार्यन्वयन गरी स्तनपानलाई संरक्षण र सम्वर्द्धन गर्ने कार्य भइरहेको छ।

ख) पूर्ण स्तनपानलाई सहयोग गर्न सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १३ मा सरकारी, गैरसरकारी वा निजी संघ संस्थामा कार्यरत महिलालाई कम्तिमा ९८ दिनसम्मको तलव सहितको प्रसुती विदा तथा चिकित्सकको सिफारिसमा बढीमा एक वर्षसम्मको वेतलबी बिदाको व्यवस्था भएको छ। त्यस्तै दफा १४ मा सरकारी, गैरसरकारी वा निजी संघ संस्थामा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको राय बमोजिम प्रजनन स्वास्थ्य रुग्णता (मर्बिडिटी) को कारणले जटिल शल्यक्रिया गर्नु पर्ने भएमा त्यस्तो शल्यक्रिया हुनु अघि वा पछि कम्तीमा तीस दिनसम्मको तलब सहितको अतिरिक्त विदा दिनु पर्ने व्यवस्था छ।

ग) स्तनपान गराइरहेकी कामकाजी आमाहरुलाई कार्यालय समयभित्र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १३ (३) अनुसार स्तनपानमैत्री वातावरण श्रृजना गरेर सहयोग गर्न, पूर्ण स्तनपानलाई ध्यानमा राखी प्रसुती विदा दिने लगायतका लागि सबै सरकारी, गैरसरकारी कार्यालयहरुमाझ समन्वय, पहल, पैरवी गर्ने कार्य भइरहेको छ।

घ) अस्पतालहरुमा स्तनपानलाई प्रवर्द्धन गर्न तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरुलाई निरुत्साहित गर्न "मातृ तथा शिशुमैत्री अस्पताल पहल" पनि विस्तार भइरहेको छ।

ङ) सबै स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास संग-संगै उनीहरु मार्फत स्तनपानका बारेमा आमा तथा परिवारका सदस्यहरुलाई नियमित परामर्श तथा सचेतना अभिवृद्धि भइरहेको छ।

च) आपतकालीन अवस्थाहरु जस्तैः सन् २०१५ को महाभूकम्प, कोभिड-१९ महामारी आदि को समयमा पनि स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मार्फत स्तनपान गराउने आमाहरु र परिवारका सदस्यहरुलाई स्तनपानको महत्त्व र सो को निरन्तरता बारे परामर्श भएको/भइरहेको थियो/छ। त्यसका लागि आवश्यक अन्तरिम निर्देशिकाहरु, संयुक्त प्रेस प्रेस विज्ञप्ति आदि तर्जुमा गरी जारी गरिएको थियो/छ।

छ) स्तनपानको संरक्षण, सम्वर्द्धन तथा सहयोग गर्न तथा कृतिम दूधको उपभोगलाई निरुत्साहित गरी बालबालिकाको सर्वाङ्गिण विकासमा योगदान गर्न परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा वृहत स्तनपान व्यवस्थापन केन्द्र स्थापना भइ सञ्चालनमा आएको छ।

शाखा प्रमुख

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# परिच्छेद ३
# (स्तनपान कक्ष)

## ६. स्तनपान कक्षको अवधारणा तथा औचित्य

जन्मने वित्तिकै स्तनपान गर्न पाउनु शिशुको नैसर्गिक अधिकार हो। आमाको दूधले वालबालिकालाई पहिलो खोपको रूपमा काम गर्दछ, जसले रोगहरू र मृत्युबाट पनि महत्वपूर्ण सुरक्षा प्रदान गर्दछ। स्तनपानले सुरक्षित संलग्नता, मानसिक विकास, र बाल्यकाल र मातृ रोगको बोझ कम गर्नुका साथै स्वास्थ्य उपचारमा हुने खर्च कम गर्दै स्वस्थ परिवारहरू सिर्जना गरी समाजको विकासलाई सुदृढ गर्दछ। स्तनपान वालवालिका, आमा, परिवार, समुदाय आदिका लागि मात्र महत्त्वपूर्ण नभई स्तनपान गराउने आमाहरुलाई कार्यस्थलमा पनि स्तनपान गराउने सुविधा उपलब्ध हुँदा त्यस्ता कार्यालयहरुले काम गर्ने आमा र उनीहरूको परिवारको स्वास्थ्य तथा पोषणको ख्याल राख्दछन् भन्ने राम्रो छवि वन्दछ। वारम्बार वालवालिका विरामी भइ चिकित्सकका लैजान र विरामी विदा लिन नपर्दा कार्यालयलाई नै फाइदा हुन्छ। यसका अतिरिक्त त्यस्ता आमाहरु काममा फर्किन उत्प्रेरित हुने, कार्यालयले पनि आफ्नो दक्ष जनशक्ति गुमाउन नपर्ने, नयाँ जनशक्ति खोजनमा थप श्रोत-साधन खर्च गर्नु नपर्ने र कार्यालयमा लैङ्गिक सन्तुलन पनि कायम गर्न सहयोग हुने हुँदा कार्यस्थलमा स्तनपान कक्ष हुनु निकै फलदायी देखिन्छ।

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सन् २००० को मातृत्व संरक्षण महासन्धि नम्बर १८३ र १९१ ले कम्तीमा १४ हप्ता (९८ दिन) भुक्तान गरिएको प्रसूति विदा, स्तनपान गराउन दैनिक एक वा दुई विश्राम वा कामको घण्टा घटाउन सिफारिस गर्नुकासाथै व्यावहारिक भएसम्म कार्यस्थलमा वा नजिकै पर्याप्त स्वच्छताको अवस्थामा स्तनपानका लागि सुविधाको व्यवस्था गर्न भनेको छ। नेपालमा पनि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले महिलालाई ९८ दिनको प्रसूति विदा पश्चात काममा फर्कने व्यवस्था गरेको छ। यो औपचारिक श्रम क्षेत्र भित्र पाइने एक सानो अनुपात मात्र हो जसले तीन महिनाको प्रसूति विदावाट फाइदा लिन सकेका छन् जुन सिफारिस गरिएको ६ महिनाको पूर्ण स्तनपानलाई समर्थन गर्न अझै पर्याप्त छैन। वच्चा जन्माएपछि काममा फर्किने क्रममा महिला कर्मचारीहरूलाई स्तनपान गराउन सहयोग गर्नु महत्त्वपूर्ण हुन्छ। तसर्थ, स्तनपान गराउने आमाहरुलाई उनीहरूको कार्यस्थलमा आफ्ना वालवालिकालाई स्तनपान गराउन सहयोग गर्नका लागि स्तनपान कक्ष स्थापना गर्न आवश्यक देखिन्छ।

अनुसन्धानहरुले स्तनपानको प्रवर्द्धन तथा सहयोगका लागि सार्वजनिक स्थलहरुमा स्तनपान कक्षहरुको वढ्दो आवश्कतालाई औंल्याएको छ। विभिन्न प्रमाणहरुका अनुसार सार्वजनिक स्थलहरुमा स्तनपान कक्ष उपलब्ध हुँदा स्तनपानसंग सम्वन्धित सामाजिक भेदभाव कम हुनुकासाथै आमाहरुको स्तनपान गराउने आत्मविश्वास वढ्ने देखिन्छ। अध्ययनहरूका अनुसार सार्वजनिक स्थलहरूमा स्तनपानको लागि समर्पित ठाउँहरूको उपलब्धता उच्च स्तनपान दरसँग सम्वन्धित छ। आरामदायी र निजी स्तनपान कक्षहरूमा पहुँच हुँदा आमाहरूले स्तनपान गराउने सम्भावना वढी हुन्छ। त्यस्तै स्तनपान कक्षहरू स्थापना गर्ने सार्वजनिक स्थलहरूले प्रायः ग्राहक सन्तुष्टि वढेको अनुभव गरेको पाईन्छ।

आपतकालीन अवस्थाहरूमा आमा र तिनका शिशुहरू सबैभन्दा कमजोर वर्गमा पर्दछन्। त्यस्तो वेला आमाहरूले आफ्ना वालवालिकालाई दूध खुवाउन वा दूध निकाल्नका लागि सुरक्षित, निजी, र स्वच्छ वातावरण प्रदान गर्न समर्पित स्तनपान कक्षहरू स्थापना गर्नु महत्त्वपूर्ण हुन्छ। त्यस्ता स्तनपान कक्षहरु अस्थायी रुपमा, सुरक्षित तर प्रयोग नभएका कार्यालय, कक्षा कोठा, सामुदायिक भवनको कोठा, पाल आदिमा वनाउन

शाखा प्रमुख

सकिन्छ। आपतकालीन अवस्थामा यदि छुट्टै कक्ष उपलब्ध नभएमा विभाजन, पर्दा वा डिभाइडर सहितको कुनाको ठाउँले पनि गोपनीयता प्रदान गर्न सक्दछ। यी स्थानहरूले स्तनपानको निरन्तरता सुनिश्चित गरी शिशुहरूको स्वास्थ्यको सुरक्षा गर्नुकासाथै चुनौतीपूर्ण परिस्थितिहरूमा पनि मातृ कल्याणमा योगदान पुऱ्याउँदछ। स्तनपान कक्षहरूले मनोसामाजिक सहयोग, सामुदायिक लचिलोपना, र आवश्यक स्तनपान-सम्बन्धित आपूर्तिहरू वितरणको लागि मुख्य केन्द्रको रूपमा कार्य गर्नुकासाथै बाल संरक्षण र आपतकालीन अवस्थामा समग्र स्वास्थ्य र पोषण सुरक्षा प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ।

वर्तमान अवस्थामा विभिन्न सार्वजनिक स्थल तथा कार्यस्थलहरुमा स्तनपान कक्ष बन्दै गएका छन्। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल लगायत विभिन्न राष्ट्रिय विमानस्थलहरु, बसपार्कहरु आदि स्थानहरुमा स्तनपान कक्ष बनाउने क्रम बढ्दो छ। नेपाल सरकारले सबै स्थानीय तहहरुमा स्तनपान कक्ष बनाउने रणनीति लिएको छ। तर यस्ता कक्षहरु सस्तो लोकप्रियताका लागि र हचुवाको भरमा तयार नगरी सर्वसुलभ, आरामदायी, गोपनीय, सुरक्षित, सफा आदि हुनु अत्यन्त जरुरी हुन्छ।

### ७. कार्यविधिको उद्देश्य

स्तनपान कक्ष सञ्चालनका लागि आवश्यक कानुनी, नीतिगत स्पष्टता र कार्यसञ्चालनका क्रममा आवश्यक प्राविधिक तथा व्यावहारिक प्रक्रिया स्पष्ट गर्न यो कार्यविधि तयार गरिएको हो। यस कार्यविधिको निम्नानुसार उद्देश्यहरु रहेका छन्:

क) स्तनपान गराउने आमाहरूको लागि अनुकूल वातावरण सुनिश्चित गर्दै प्रयोगकर्ताको आराम र गोपनीयतामा ध्यान केन्द्रित गरी स्तनपान कक्षहरू विकास गर्नु।

ख) स्तनपान कक्षहरूको डिजाइन र सञ्चालन स्थानीय नियमसंगत र कानुनी अनुपालनलाई बढावा दिने खालको विकास गर्नु।

ग) सबै आमाहरूलाई सजिलैसँग पहुँच हुने र समावेशी स्तनपान कक्ष सिर्जना गर्नु।

घ) स्तनपान कक्षहरूमा स्वच्छता कायम गर्न नियमित सरसफाई र मर्मतका लागि स्पष्ट दिशानिर्देशहरू प्रदान गर्नु।

### ८. स्तनपान कक्षको स्थापना

स्तनपान कक्ष सफा, आरामदायी, सुरक्षित, सुलभ र स्तनपान गराउने आमाका लागि गोपनीय हुनका लागि निम्न आवश्यकताहरु पूरा भएको हुनुपर्दछः

क) स्तनपान कक्ष विषाक्त पदार्थहरू जम्मा/प्रशोधन गर्ने, फोहोर जम्मा/प्रशोधन गर्ने क्षेत्रहरू वा शौचालयबाट टाढा हुनुपर्दछ।

ख) स्तनपान कक्ष स्तनपान गराउने आमा (अपाङ्गता भएका आमा समेत) र सरसफाई गर्ने व्यक्तिको सहज पहुँचमा हुनुपर्दछ। कक्ष बाहिर सबैले सहजै पढ्न मिल्ने गरी "स्तनपान कक्ष" भनेर उल्लेख गरेको हुनुपर्दछ। साथै त्यस्ता कक्षहरुमा स्तनपान गराईरहेकी आमालाई बाहिरबाट देख्ने जस्तैः पारदर्शी शिशा/प्लाष्टिक वा खुल्ला झ्याल भएको हुनु हुदैन।

ग) स्तनपान कक्षको गोपनीयता र सुरक्षाका लागि ढोकामा भित्रपट्टि चुकुल राखेको हुनुपर्दछ। आपतकालीन अवस्थामा टेन्ट प्रयोग गर्नुपरेमा पनि भित्रपट्टिबाट ढोका लगाउन मिल्ने व्यवस्था

शाखा प्रमुख

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग



CamScanner

हुनुपर्दछ। बाहिरपट्टि ढोकामा भित्र पस्नुअघि "ढोका ढकढक्याउनु हुन" वा सो संग मिल्दोजुल्दो अनुरोध गरिएको सूचना टास गरेको हुनुपर्दछ।

घ) स्तनपान कक्ष सकेसम्म प्राकृतिक उज्यालो छिर्ने खालको हुनुपर्दछ तर सो सम्भव नभएमा बत्तीको राम्रो व्यवस्था भएको हुनुपर्दछ। साथै कक्षमा प्राकृतिक हावा ओहोर-दोहोर गर्न सक्ने खालको व्यवस्था हुनुपर्दछ। अत्यन्त गर्मी र अत्यन्त जाडो/चिसो हुने ठाउँमा एयर कन्डिसनरको (वा गर्मीको लागि पंखा र जाडोको लागि हिटर) पनि व्यवस्था गर्न सकिन्छ।

ङ) स्तनपान कक्षको छत, भित्ता (वा विभाजन) र भुईंहरू फोहोर नजम्ने, सफा र चिल्लो खालको हुनुपर्दछ, र सजिलै कीटाणुनाशकको प्रयोग गरी धुन/पखाल्न मिल्ने हुनुपर्दछ।

च) स्तनपान कक्षमा हात धुने व्यवस्था हुनुपर्दछ जस्तैः साबुन, पानी आउने धारा, हात धोएर पुस्नका लागि कागजको रुमाल, सेनिटाइजर आदिको व्यवस्था हुनुपर्दछ।

छ) स्तनपान कक्षमा स्वच्छ र सफा पिउने पानी र पिउनका लागि कागजको कपहरुको व्यवस्था हुनुपर्दछ। साथै प्रयोग भएका कपहरु फाल्न र अन्य फोहोरहरु विसर्जन गर्न बिर्को भएको खुट्टाले खोल्न मिल्ने फोहोर फाल्ने भाडो (पेडलबाट सञ्चालन गर्न सकिने डस्ट बिन) राख्नु पर्दछ।

ज) स्तनपान कक्षमा आमाले आफ्नो बच्चालाई स्तनपान गराउँदा अढेस लगाउन मिल्ने आरामदायी कुर्सी वा सोफाको व्यवस्था हुनुपर्दछ। त्यस्ता कुर्सी वा सोफा सजिलै धुन वा कीटाणुनाशकको प्रयोग गरी धुन/पखाल्न मिल्ने खालको हुनुपर्दछ। साथै स्तनपान गराउँदा आरामको सुनिश्चित गर्न दोस्रो कुर्सी वा फुटरेस्टको पनि व्यवस्था हुनुपर्दछ।

झ) स्तनपान कक्षमा कुनैपनि फर्निचरका सामग्रीहरु (जस्तैः कार्पेट, पर्दा, सोफा, कुर्सी आदि) राख्दा धुलो टिप्ने, सजिलै धुन वा कीटाणुनाशकको प्रयोग गरी धुन/पखाल्न नमिल्ने खाले हुनु हुदैन।

ञ) स्तनपान कक्षमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१ अनुसारका कुनै पनि खालका वस्तुहरु (जस्तैः बालसूत्र नमूनाहरु) र त्यस्ता वस्तुहरुलाई प्रवर्द्धन गर्ने सूचना, शिक्षा र संचारका सामग्रीहरु (जस्तैः पोष्टर, ब्रोसर, फ्लायर, स्टिकर आदि) राख्नु हुदैन।

ट) स्तनपान कक्षमा स्तनपानलाई प्रवर्द्धन र सहयोग गर्ने सूचना, शिक्षा र संचारका सामाग्रीहरु (जस्तैः पोष्टर, ब्रोसर, फ्लायर, स्टिकर, हाते पुस्तिका, फ्लिप चार्ट, श्रव्य-दृश्य सामग्री आदि) को पनि व्यवस्था गर्न सकिन्छ।

ठ) स्तनपान कक्षलाई थप सुदृढ बनाउन स्तनपान गराउन आउने आमाहरुको सल्लाह-सुझावका लागि आगन्तुक पुस्तिका राख्नु पर्दछ।

ड) कार्यस्थलहरुमा माथि उल्लेखित बाहेक निम्न कुराहरुको पनि व्यवस्था भएको हुनुपर्दछः

अ) आमाले आफ्नो बच्चालाई लिएर दूध खुवाउन नपाउन्जेल आफ्नो दूधलाई सुरक्षित राख्न स्तनपान कक्षमा कोल्ड स्टोरेज प्रणाली उपलब्ध हुनु आवश्यक छ जुन विशेष रूपमा स्तनपान कक्षको विशेष प्रयोगको लागि फ्रिजर वा फ्रिज हुनुपर्दछ। यो उपकरण स्वच्छ छ भनी सुनिश्चित गर्न भुईंबाट कम्तिमा बीस (२०) सेन्टिमिटरको दूरीमा हुनुपर्दछ।

आ) त्यस्तैगरी आमाले आफ्नो स्तनबाट निकलेको दूध भण्डारण गर्न फ्रिजर वा फ्रिजमा अट्ने प्लाष्टिक वा रबरको बिर्को भएको शिशाको भाडा वा बोतल पनि उपलब्ध हुनुपर्दछ।

शाखा प्रमुख

इ) यदि आमाले आफ्नो स्तनबाट दूध निकाल्न पम्पको प्रयोग गर्ने गरेको भए वा अन्य सामग्रीहरु राख्नका लागि स्तनपान कक्षमा टेबुलको व्यवस्था हुनुपर्दछ।

ई) यदि आमाले आफ्नो स्तनबाट दूध निकाल्न विद्युतीय पम्पको प्रयोग गर्ने वा अन्य विद्युतीय उपकरणहरुका लागि स्तनपान कक्षमा बिजुलीको लागि सकेट वा पोर्टहरू हुनुपर्दछ।

उ) स्तनपान कक्षमा भित्ते घडी, लुगा राख्न र्‍याक वा लुगा झुन्डयाउने हुकहरु र काममा फर्कन पूर्व आफ्नो पोशाक ठिक गर्न पूर्ण कदको ऐना हुनुपर्दछ।

## परिच्छेद ४
## (स्तनपान कक्ष सञ्चालन र नियमन)

### ९. स्तनपान कक्ष सञ्चालन र नियमन

स्तनपान कक्ष स्थापना पश्चात सो को नियमित सरसफाई तथा मर्मत सम्भार अत्यन्त महत्त्वपूर्ण हुन्छ। स्तनपान कक्ष स्थापना गर्ने संघीय, प्रदेश र स्थानीय तहका सरकारी तथा गैर सरकारी निकाय, संस्था वा फर्म (परिच्छेद १, २. परिभाषा, ङ), स्वास्थ्य संस्था, वा स्थापनाको क्रममा कुनै पनि सम्झौता पत्रमा जिम्मेवारी किटान गरी उल्लेख भएका सहयोगी संस्थाले सो कक्षको स्थापनाका लागि गर्नुपर्ने व्यवस्थाका (परिच्छेद ३, ८. स्तनपान कक्षको स्थापना) साथ-साथै सञ्चालन र नियमनका लागि मुख्य जिम्मेवार हुनेछन्। स्तनपान कक्ष सञ्चालन र नियमनमा निम्न कुराहरुमा ध्यान दिनुपर्दछः

क) स्तनपान कक्षको भुइँ दैनिक तालिका बनाई सावुन-पानी वा कीटाणुनाशकको प्रयोग गरी धुने/पखाल्ने गर्नुपर्दछ।

ख) त्यस्तै स्तनपान कक्षको सामग्रीहरु जस्तैः कुर्सी, सोफा, र्‍याक आदिको दैनिक रुपमा कीटाणुनाशकको प्रयोग गरी निसंक्रमण गर्नुपर्दछ।

ग) स्तनपान कक्षको फोहोर फाल्ने भाडोमा जम्मा भएको फोहोर नियमित रुपमा (दैनिक वा आवश्यकता अनुसार) खाली गर्दै भाडोलाई साबुन-पानी वा कीटाणुनाशकको प्रयोग गरी निसंक्रमण गर्नुपर्दछ।

घ) कार्यस्थलमा रहेको फ्रिजर वा फ्रिजको नियमित सरसफाई (कम्तिमा पनि पाक्षिक रुपमा) गर्नुपर्दछ।

ङ) त्यस्तैगरी कार्यस्थलमा भएका स्तनपान कक्षहरुमा प्रयोग हुने अन्य सामग्रीहरु जस्तैः आमाको दूध जम्मा गर्न प्रयोग हुने शिशाको भाडा, आमाले आफ्नो स्तनवाट दूध निकाल्न प्रयोग गर्ने पम्प आदिको पनि निसंक्रमण गर्नुपर्दछ।

### १०. स्तनपान कक्षको अनुगमन तथा सुपरिवेक्षण

स्तनपान कक्ष स्थापना गर्ने निकायले सो को नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने तथा पृष्ठपोषण दिने प्रणाली स्थापित गर्नुपर्दछ। सो कार्यका लागि कार्य विवरण सहित सम्पर्क व्यक्ति तोक्नु पर्दछ। त्यसबाहेक संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखा, प्रादेशिक स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, प्रादेशिक स्वास्थ्य निर्देशनालय, वा स्थानीय तहले पनि वेला-वेलामा स्तनपान कक्षको सहयोगात्मक सुपरिवेक्षण गरी आवश्यक पृष्ठपोषण दिनु पर्दछ। वहु-क्षेत्रीय पोषण योजना अन्तर्गतका विभिन्न तहमा रहेका पोषण तथा खाद्य सुरक्षा समितिहरुले पनि समयानुकुल सहयोगात्मक सुपरिवेक्षण गरी आवश्यक पृष्ठपोषण दिन सक्दछन्। विशेषत अनुगमन तथा सुपरिवेक्षण गर्दा तल उल्लेख गरिएका बुँदाहरुलाई ध्यान दिनु पर्दछः

शाखा प्रमुख

क) सबै उपकरणहरूले काम गरे-नगरेको, सफा र व्यवस्थित अवस्थामा भए-नभएको सुनिश्चित गर्न स्तनपान कक्षको नियमित (साप्ताहिक वा पाक्षिक) रुपमा निरीक्षण गर्ने।

ख) कुनै पनि उपकरणले काम नगरेको पाइएमा त्यसलाई तुरुन्तै मर्मत गर्ने वा नयाँ उपकरणको व्यवस्था गर्ने।

ग) स्तनपान कक्षमा हात धुन आवश्यक सामग्रीहरु जस्तैः साबुन, पानी, हात धोएर पुस्नका लागि कागजको रुमाल, सेनिटाइजर आदिको व्यवस्था भए-नभएको अवलोकन गर्ने र नभएमा तुरुन्तै सो को व्यवस्था गर्ने।

घ) स्तनपान कक्षमा स्वच्छ र सफा पिउने पानी र पिउनका लागि कागजको कपहरुको व्यवस्था भए-नभएको अवलोकन गर्ने र नभएमा तुरुन्तै सो को व्यवस्था गर्ने। साथै फोहोर फाल्ने भाडोको पनि अवलोकन गर्ने।

ङ) निरीक्षणको क्रममा स्तनपान गराउन आउने आमाहरुको सल्लाह-सुझाव लिन राखिएको आगन्तुक पुस्तिकामा उल्लेख भएका कुराहरु टिपोट गर्ने र थप सुदृढ गर्न आवश्यकतानुसार कार्यहरुलाई अघि बढाउने।

च) स्तनपान कक्षमा पहुँच हुन आउने कुनै पनि बाधा-व्यवधानलाई पहिचान गरी त्यसलाई तुरुन्तै हटाउने।

छ) स्तनपान कक्षको गोपनीयता र सुरक्षामा असर गर्ने कुनै पनि समस्या भए-नभएको जाँच गर्ने जस्तैः चुकुलले काम गरे-नगरेको, पर्दा चुडिएको/च्यातिएको, झ्यालको शिशा फुटे-नफुटेको आदि र त्यस्ता समस्याको तत्काल समाधान गर्ने।

ज) स्तनपान कक्षमा आमको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१ अनुसारका कुनै पनि खालका वस्तुहरु (जस्तैः बालसूत्र नमूनाहरु) र त्यस्ता वस्तुहरुलाई प्रवर्द्धन गर्ने सूचना, शिक्षा र संचारका सामाग्रीहरु (जस्तैः पोष्टर, ब्रोसर, फ्लायर, स्टिकर आदि) नभएको सुनिश्चित गर्ने।

झ) कार्यस्थलमा स्तनपान कक्षको अस्तित्व र सो को उद्देश्य बारे नियमित (मासिक, त्रैमासिक वा नयाँ कर्मचारी भर्ना हुँदा) रुपमा छलफल/सूचना आदान-प्रदान भएको सुनिश्चित गर्ने।

## परिच्छेद ५
## (कार्यविधि कार्यन्वयनका लागि साधन/श्रोत, तथा विभिन्न निकायहरुको भूमिका तथा जिम्मेवारी)

### ११. साधन/श्रोतको व्यवस्था

स्तनपान कक्षको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने श्रोत-साधनको सुनिश्चितता गर्ने प्रमुख दायित्त्व स्तनपान कक्ष स्थापना गर्ने निकायको नै हुनेछ। औपचारिक वा अनौपचारिक श्रम क्षेत्रहरुमा कार्यरत श्रमिकहरुका लागि कार्यस्थलमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधन जुटाउने कामको मुख्य जिम्मेवारी श्रमदाता वा श्रममा परिचालन गर्ने निकायले लिनुपर्दछ। आर्थिक श्रोतको व्यवस्थापनका लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखा, प्रादेशिक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय, प्रादेशिक स्वास्थ्य निर्देशनालय, जिल्ला स्थित स्वास्थ्य कार्यालय, वा स्थानीय तहले

शाखा प्रमुख

आवश्यक सहयोग गर्नुपर्दछ। सहयोगी संस्थाहरुले पनि स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवाश्यक पर्ने श्रोत-साधनका लागि सहयोग गर्न सक्दछन्।

**१२. विभिन्न निकायहरुको भूमिका तथा जिम्मेवारी**

यस कार्यविधिको कार्यन्वयनका लागि संघदेखि स्थानीय तहसम्म विभिन्न निकायहरुको भूमिका तथा जिम्मेवारी निम्नानुसार हुनेछन्ः

**क) संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

अ) संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यस्थल वा परिसरमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

आ) अन्य सार्वजनिक स्थल, कार्यस्थल वा आपतकालीन अवस्थामा स्तनपान कक्षहरुको स्थापनाका लागि आवश्यक आर्थिक श्रोतको व्यवस्था गर्ने।

इ) स्तनपान कक्षको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गर्ने।

**ख) परिवार कल्याण महाशाखा, संघीय स्वास्थ्य सेवा विभाग**

अ) परिवार कल्याण महाशाखा, संघीय स्वास्थ्य सेवा विभागको कार्यस्थल वा परिसरमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

आ) यस "स्तनपान कक्ष स्थापना तथा सञ्चालन कार्यविधि २०८०" लाई सबै ७५३ वटै स्थानीय तह, संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, र प्रादेशिक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयमा पठाउने।

इ) अन्य सार्वजनिक स्थल, कार्यस्थल वा आपतकालीन अवस्थामा स्तनपान कक्षहरुको स्थापनाका लागि पैरवी तथा आवश्यक आर्थिक श्रोतको व्यवस्था गर्ने।

ई) स्तनपान कक्षको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गर्ने।

उ) स्तनपान कक्षका लागि आवश्यक सूचना तथा संचार सामग्रीहरुको विकास गर्ने।

ऊ) संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा सहयोगी संस्थाहरुसंग समन्वय र सहकार्य गरी स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

**ग) प्रादेशिक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय**

अ) प्रादेशिक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयको कार्यस्थल वा परिसरमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

आ) अन्य सार्वजनिक स्थल, कार्यस्थल वा आपतकालीन अवस्थामा स्तनपान कक्षहरुको स्थापनाका लागि आवश्यक आर्थिक श्रोतको व्यवस्था गर्ने।

इ) स्तनपान कक्षको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गर्ने।

ई) सहयोगी संस्थाहरुसंग समन्वय र सहकार्य गरी स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

**घ) प्रादेशिक स्वास्थ्य निर्देशनालय**

अ) प्रादेशिक स्वास्थ्य निर्देशनालयको कार्यस्थल वा परिसरमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

शाखा प्रमुख

आ) निर्देशनालय स्वयं वा जिल्ला स्थित स्वास्थ्य कार्यालय मार्फत स्तनपान कक्षको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गर्ने।

ङ) जिल्ला स्थित स्वास्थ्य कार्यालय

अ) जिल्ला स्थित स्वास्थ्य कार्यालयको कार्यस्थल वा परिसरमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि पैरवी तथा आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

आ) स्तनपान कक्षको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गर्ने।

च) स्थानीय तह

अ) स्थानीय तहको कार्यस्थल वा परिसरमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

आ) अन्य सार्वजनिक स्थल, कार्यस्थल वा आपतकालीन अवस्थामा स्तनपान कक्षहरुको स्थापनाका लागि आवश्यक आर्थिक श्रोतको व्यवस्था गर्ने।

इ) स्तनपान कक्षको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गर्ने।

ई) सहयोगी संस्थाहरुसंग समन्वय र सहकार्य गरी स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

उ) स्तनपान कक्ष, स्तनपान र सो को महत्त्व बारे जनचेतना अभिवृद्धि गर्ने।

छ) स्वास्थ्य संस्था

अ) स्वास्थ्य संस्थाको कार्यस्थल वा परिसरमा स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि पैरवी तथा आवश्यक श्रोत-साधनको व्यवस्था गर्ने।

आ) स्तनपान कक्ष, स्तनपान र सो को महत्त्व बारे सेवाग्राहीमाझ जनचेतना अभिवृद्धि गर्ने।

ज) सहयोगी संस्था

अ) सार्वजनिक स्थल, कार्यस्थल वा आपतकालीन अवस्थामा स्तनपान कक्षहरुको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत-साधनका लागि सहयोग गर्ने।

आ) सम्वन्धित निकायहरुसंगको समन्वय तथा सहकार्यमा स्तनपान कक्षको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गर्ने।

इ) स्तनपान कक्षका लागि आवश्यक सूचना तथा संचार सामग्रीहरुको विकास गर्न परिवार कल्याण महाशाखा, संघीय स्वास्थ्य सेवा विभागलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने।

ई) स्तनपान कक्षको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि पैरवी गर्ने।

## परिच्छेद ६
## (विविध)

१३. **कार्यविधिको परिमार्जनः** यस कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन गरिनेछ।

१४. यो कार्यविधि लागू भए पश्चात आवश्यक सूचना, शिक्षा तथा संचार सामग्रीहरु विकास गरिनेछ।

१५. यस कार्यविधिमा उल्लेखित कुनै पनि विषय प्रचलित ऐन, नीति, नियमसंग बाझिन गएमा मौजुदा ऐन, नीति, नियममा उल्लेख भएवमोजिम हुनेछ।

शाखा प्रमुख



CamScanner

# अनुसूची

## अनुसूची १

(परिच्छेद ३ को दफा ८ संग सम्बन्धित)

### स्तनपान कक्ष स्थापनाका लागि आवश्यक सामग्रीहरुको सूची

१. हात धुनका लागि साबुन
२. हात धुनका लागि पानी (जस्तैः पानी आउने धाराको व्यवस्था)
३. हात धोएर पुस्नका लागि कागजको रुमालहरु
४. सेनिटाइजर (साबुन पानीले हात धोएर पुस्ने व्यवस्था नभएमा)
५. पिउने पानी
६. पानी पिउनका लागि कागजको कपहरु
७. बिर्को भएको खुट्टाले खोल्न मिल्ने फोहोर फाल्ने भाडो (पेडलबाट सञ्चालन गर्न सकिने डस्ट बिन)
८. अढेस लगाउन मिल्ने आरामदायी कुर्सी वा सोफा
९. कुर्सी वा फुटरेस्ट
१०. धुलो नटिप्ने/नटासिने कार्पेट
११. धुलो नटिप्ने/नटासिने पर्दा
१२. स्तनपानलाई प्रवर्द्धन र सहयोग गर्ने सूचना, शिक्षा र संचारका सामाग्रीहरु जस्तैः पोष्टर, ब्रोसर, फ्लायर, स्टिकर, हाते पुस्तिका, फ्लिप चार्ट, श्रव्य-दृश्य सामग्री आदि
१३. एयर कन्डिसनर वा गर्मीको लागि पंखा र जाडोको लागि हिटर
१४. आमाहरुको सल्लाह-सुझावका लागि आगन्तुक पुस्तिका

कार्यस्थलहरुमा माथि उल्लेखित बाहेक निम्न कुराहरुको पनि व्यवस्था भएको हुनुपर्दछः

१. फ्रिजर वा फ्रिज
२. स्तनबाट निकलेको दूध भण्डारण गर्न फ्रिजर वा फ्रिजमा अट्ने प्लाष्टिक वा रबरको बिर्को भएको शिशाको भाडा वा बोतल
३. स्तनबाट दूध निकाल्न पम्प
४. बिजुलीको लागि सकेट वा पोर्ट
५. भित्ते घडी
६. लुगा राख्न र्याक वा लुगा झुन्डयाउने हुकहरु
७. पूर्ण कदको ऐना

शाखा प्रमुख

अनुसूची २

यस कार्यविधि तयार गर्न योगदान गर्ने विज्ञहरु:

१. डा. विवेक कुमार लाल, निर्देशक, परिवार कल्याण महाशाखा
२. लिला विक्रम थापा, प्रमुख, पोषण शाखा, परिवार कल्याण महाशाखा
३. आशिष तिमल्सिना, पोषण शाखा, परिवार कल्याण महाशाखा
४. कल्पना पाण्डे, पोषण शाखा, परिवार कल्याण महाशाखा
५. मिना मोते, पोषण शाखा, परिवार कल्याण महाशाखा
६. सज्जन योगेश, युनिसेफ नेपाल, परिवार कल्याण महाशाखा

परामर्शदाता

सुजय नेपाली भट्टाचार्य, मंगलायन फाउण्डेशन

शाखा प्रमुख

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग